# बर्जु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
अमाहिबेल्हा, सुनसरी
कोशी प्रदेश

प.सं.-२०८२।८३
च.नं.-९६२३

मिति: २०८२।११।१३

---

श्री वडा कार्यालयहरु सबै
बर्जु गाँउपालिका, सुनसरी ।

**विषयः- न्यूनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन पेश गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ र सो को नियमावली तथा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (संचालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ को दफा १७ बमोजिम आ.व. २०८३/०८४ मा न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार नेपाली नागरिकहरुले आफु बसोबास गरेको स्थानिय तहको सम्बन्धित वडा कार्यालयमा २०८२ फाल्गुन मसान्त भित्रमा निवेदन दिनुपर्ने व्यवस्था भएको व्योहोरा अनुरोध छ ।

राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत न्यूनतम रोजगारी प्रदान गरी विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायराभित्र ल्याउन सहयोग पुर्याउने सोच रहेको छ । सोही बमोजिम बेरोजगार व्यक्तिको निवेदन संकलन गर्दा व्यक्तिको र निजका परिवारको यर्थाथ र सम्पूर्ण विवरण संकलन गरी वास्तविक लक्षित वर्ग केन्द्रित कार्यक्रम सञ्चालन हुने गरी विवरण संकलनको लागी तपसिल बमोजिम सहयोग पुर्याउनु हुन अनुरोध छ।

तपसिल

१. निवेदन सहित नागरिकता प्रमाणपत्रको प्रतिलीपी १ (एक) (उमेर हद १८-५९ वर्ष।)

२. पासपोर्ट साईजको फोटो १ (एक) ।

३. निवेदन सहित परिवारका सम्पूर्ण सदस्यको नाम, नाता, जन्ममिति, नागरिकता नम्बर जारी मिति, शैक्षिक योग्यता, सिप, दक्षता तथा रोजगारीको अवस्थाको विवरण ।

४. स्थायी बसोबास खुल्ने आवश्यक कागजातको फोटोकोपी (नागरिकता प्रमाणपत्र अन्यत्र ठाउँबाट जारी भएको भए बसाईसराई प्रमाणपत्रको प्रतिलिपी र ना.प्र. नं. मा स्थायी ठेगाना अन्यत्र उल्लेख भएको विवाहित महिलाको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलीपी ।

५. कुल वार्षिक पारिवारिक आय, फोन नं. परिवारका सबै सदस्यहरुको सामाजिक सुरक्षा कोष, अन्य सरकारी कोष (पेन्सन) वा रोजगारदाताबाट अन्य कुनै सहायता वा आम्दानी नलिएको विवरण ।

०८२।११।१३
सुधिर साफी
प्रमुख प्रशासकीय अधिकृत

सुधिर साफी
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः- श्री सूचना प्रविधि शाखा website मा upload गरिदिनु हुन ।

(नोटः- तपसिलका आवश्यक विवरण अपूर्ण भएमा फाराम स्वीकृत गरिने छैन। साथै थप जानकारीका लागि वडा कार्यालय वा रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिनेछ।)



CamScanner